# कोरोनाको कहरमा रूमल्लिएको नेपालको वन क्षेत्र

✍ हरिप्रसाद पाण्डे[१], नारायणप्रसाद पोखेल[२] र राजु गुरुङ्ग[३]

**सारांश**

कोरोनाको कहरले विक्रम सम्वत् २०७६ चैतदेखि चार महिना निरन्तर लकडाउन र हालसम्म पनि धेरै क्षेत्रमा बन्दाबन्दी भोगिरहेको देशमा आवतजावत तथा दैनिक जनजीवन प्रभावित भएको सन्दर्भ एकापट्टि छ भने अर्कोतर्फ वन तथा वन्यजन्तुको संरक्षण गर्नुपर्ने अवस्था यथावत् रहेको छ। केन्द्रीकृत शासकीय स्वरूपबाट संघीय व्यवस्थामा भर्खरै अभ्यासमा रहेको नेपालमा कतिपय कानुनी, नीतिगत तथा कार्यगत एकताका खाँचो रहेको अनुभूतको उजागरमा थप मलजल कोरोनाको कहर र यस अवधिमा गर्नुपर्ने समन्वय, सहकार्य र सञ्चारको प्रशासनिक लामोपनबाट समेट प्रष्ट हुन्छ। यसै सन्दर्भलाई आत्मसात् गर्दै अनुभव, यथार्थ, र वन तथा मन्त्रालयमा कार्यक्रम तथा योजना शाखाको आँखीझ्यालबाट यो लेख तयार गरिएको छ। खासगरी कोरोनाको कहरमा वन क्षेत्रमा भइरहेका गतिविधि, संघीयताको कार्यान्वयनमा थपिएका चुनौती, कोरोनाको कहरमा वन क्षेत्रमा परेको असर, चुनौती तथा यसले ल्याएको अवसर र आगामी योजना तथा कार्यक्रमको सेरोफेरोलाई यस लेखले समेट्ने प्रयास गरेको छ। यसमा उल्लेख गरिएका विचार तथा विवेचनाले वन क्षेत्रको आगामी नीति, रणनीतिक तथा कार्यक्रमगत विषय, एवं संस्थागत संरचनामा छलफलको मार्गप्रशस्त गर्नेसमेत विश्वास लिइएको छ।

**सूचक शब्दः** कोरोनाको कहर, नेपाल, प्राकृतिक नियम, वन क्षेत्र, वातावरण

## १. परिचय

छिमेकी देश चीनमा गत २०१९ डिसेम्वरको अन्तिम सातामा पहिलोपटक देखिएको कोरोना भाइरसका कारण उत्पन्न कोभिड-१९ रोग युरोप, अमेरिका, मध्यपूर्व र अर्को छिमेकी देश भारत हुँदै नेपाल भित्रिएको छ। यो लेख अन्तिम चरण सम्म पुग्दा (मंसिर ३०, २०७७) विश्वभर ७ करोड ३८ लाख बढी संक्रमित र १६ लाख ४२ हजार बढीले ज्यान गुमाएको तथ्यांक वर्ल्डओमिटर वेबसाइटमा उल्लेख छ। यसै सन्दर्भमा नेपालमा २ लाख ५० हजारजना बढीमा संक्रमण भइसकेको र १७३० जनाले यसैका कारणले ज्यानसमेत गुमाउनुपरेको यथार्थ हाम्रो सामु छ। हालसम्म पनि यो रोगसँग प्रतिरोध गर्ने कुनै भरपर्दो औषधि बनेर प्रमाणित भइनसकेको र बनिसकेका पनि प्रमाणित भएर व्यावसायिक स्तरमा उत्पादन भई सर्वसाधारणमाझ आइपुग्न अझै वर्ष दिनयता सम्भव नभएकोले यसको फैलावट रोक्ने उपायको रूपमा चीनसहित धेरैजसो देशमा अपनाइएको बन्दाबन्दीलाई नेपालले पनि वि.सं. २०७६ चैत्र ११ गते देखि साउन ७ गतेसम्म निरन्तर पूर्ण र तत्पश्चात् आंशिक लकडाउन आत्मसात् गरिरहेको छ।

यस बन्दाबन्दीले सम्पूर्ण यातायात, व्यापार, उद्योग कलकारखानालगायत सरकारी संयन्त्र पनि प्रभावित भएको छ। तर जसरी कार्यालय, व्यापार, उद्योगधन्दा तथा सडक बन्द भए- त्यसरी नै सार्वजनिक सम्पत्तिको रूपमा रहेका वन तथा वन्यजन्तुलाई यसले रोक्न सक्ने कुरा भएन। अझ झन मानव आवागमन कम भएकै कारण वन्यजन्तुको क्रियाकलाप बढेको तथ्य सामाजिक सञ्जाल तथा सञ्चारमाध्यममा यथेष्ट देख्न र पढ्न पाइन्छ। यसका अतिरिक्त यस बन्दाबन्दीको समयमा मानवर्सिजित भूमण्डलको हरित गृह ग्यास सहित अन्य जीवन हानिकारक ग्यास तथा धुलाका कणमा उल्लेख्य कमी आएको कुरा वैज्ञानिक अध्ययन अनुसन्धानले समेत पुष्टि गरिसकेका छन्। यसको एउटा उदाहरण भनेको काठमाडौंबाट प्रत्यक्ष नांगो आँखाले सगरमाथाको स्पष्ट दृश्य देखिएको कुरा अझै हाम्रै सामु छर्लङ्ग छ।

[१,२,३] लेखकहरु वन तथा वातावरण मन्त्रालयमा आवद्ध हुनुहुन्छ (ईमेलः pandeyhp123@gmail.com)।

नेपालको संविधानअनुसार वन क्षेत्रको धेरै अधिकारक्षेत्र प्रदेशमा गएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण, सिमसार, राष्ट्रिय वन नीति, कार्बन सेवा, अन्तर्राष्ट्रिय महत्वका जलाधार व्यवस्थापन तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौताका विषयलगायतका केही विषयमा संघीय सरकारको प्रत्यक्ष सरोकार भएता पनि प्रदेशभित्रको सबै व्यवस्थापन मोडेलका वन र तिनीहरुको व्यवस्थापकीय तथा संरक्षणको जिम्मेवारी प्रदेश सरकारमा रहेको देखिन्छ । संविधानको संघीय एकल सूचीमा रहेको न्याय सम्पादनको कार्यमा वन पनि एक अर्धन्यायिक निकाय भएकोले हाल त्यसका अभ्यास तथा न्याय सम्पादनलगायतका विषय कोरोनासँगै थप जटिल हुँदै गएको महशुस हुन्छ । यसका अतिरिक्त वर्तमान वन तथा वातावरण मन्त्रालय वा अन्तर्गतका निकायको प्रत्यक्ष निगरानी तथा नीति निर्देशन नहुँदा खासगरी राष्ट्रिय वन व्यवस्थापनलगायतका विषयमा तथ्यांकीय व्यवस्थापन तथा सोझो नियन्त्रण टुटेजस्तो अवस्था आएको छ । यसका असर आवधिक योजना तथा राष्ट्रिय नीतिले लिएको उद्देश्य पूर्तिमा वन क्षेत्रले पुऱ्याएको योगदान तथा आगामी योजनाका हरेक चरणमा प्रत्यक्ष परेको अनुभूत हुन्छ ।

हालै संघीय सरकारबाट जारी भएको वन ऐन २०७६ ले न्यायसम्पादनसहितको जटिलता तथा सार्वजनिक सम्पत्तिको थप सुरक्षालाई ध्यानमा राखेर डिभिजन वन अधिकृत संघीय सरकारमातहत रहने व्यवस्था गरेका वर्ष दिन पुग्दा पनि यसको कार्यान्वयन नभएकोले कोरोनाको कहरमा परेको वन क्षेत्रको संरक्षण एवं व्यवस्थापनमा चुनौती थपिएको छ । यसका अतिरिक्त वन तथा जलाधार क्षेत्रका स्थानीय स्तरका विविध तथ्यांक संकलन तथा अद्यावधिक गर्नको लागि लामो प्रक्रिया अपनाउँदा पूर्ण तथ्यांक नआउनु, ढिला हुनु, खर्चिलो हुनुले वन तथा वन्यजन्तुक्षेत्रका नीति तथा योजनाको विश्वसनीयतामा प्रश्न चिह्न खडा हुने अवस्था आइरहेको छ । स्मरण रहोस्- हाल संघीय वन तथा वातावरण मन्त्रालयले फिल्ड स्तरको कार्यालयमा कुनै पत्राचार तथा विवरण माग गर्नुपर्दा वन तथा वातावरण मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, त्यहाँबाट प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय, त्यहाँबाट प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, त्यहाँबाट प्रदेश वन निर्देशनालय र त्यहाँबाट डिभिजन वन कार्यालय वा जलाधार व्यवस्थापन कार्यालय तथा त्यहाँबाट फिल्ड कार्यालयमा अनुरोध हुन्छ र सोही बाटोबाट फर्केर आँउछ । तर धेरैजसो फर्केर नआउने अवस्था छ किनकि कार्यान्वयन एकाइहरु केन्द्र सरकारप्रति प्रत्यक्ष उत्तरदायी छैनन् र हुनुपर्ने बाध्यात्मक व्यवस्थाको पनि अहिलेको अवस्थामा स्पष्ट छैन ।

## २. उद्देश्य

यस लेखको मुख्य उद्देश्य कोरोनाको कहरमा नेपालको वन संरक्षणमा देखे/भोगेका चुनौतीलाई लेखकको विश्लेषणबाट जनसमुदायमा जानकारी गराउने रहेको छ ।

## ३. अध्ययन विधि

यस लेखको रूपरेखाको लागि लेखकहरुको कार्यानुभव तथा अनुसूची र सन्दर्भसूचीका विषयवस्तुलाई केन्द्रविन्दुमा राखी संश्लेषण तथा विश्लेषण गरी समष्टिगत रूपमा तयार पारिएको छ । खासगरी यस विषयमा कुनै छुट्टै अध्ययन नगरिएको भएता पनि लेखकको अनुभव, वन क्षेत्रले कोरोनाको कहरमा भोगिएका अनुभूति, यस अवधिमा कोरोना र वन क्षेत्रसँग सम्बन्धित विषयमा प्रकाशित समाचार तथा लेखहरु, नेपालको संविधान तथा वन क्षेत्रका कानुनी व्यवस्था, वन तथा वातावरण मन्त्रालयले कोरोनाको अवधिमा अपनाएका वन क्षेत्र संरक्षणका रणनीति, आगामी आर्थिक .वर्ष. २०७७।७८ को नेपाल सरकारको नीति तथा कार्यक्रम, बजेट वक्तव्य, नेपालको पन्धौं आवधिक योजना तथा चालु एवं आगामी आ.व.को मध्यकालीन खर्च संरचना र अन्य सान्दर्भिक विषयलाई आधार बनाएर प्रस्तुत गर्ने जमर्को गरिएको छ । समयको सीमा, लेखको लम्बाइ र पाठकको इच्छासमेतलाई ध्यानमा राखी विषयवस्तुलाई

संक्षेपमा राख्ने प्रयास गरिएको छ । बन्दाबन्दीले धेरै काम निवासबाटै गरिएकोले प्रस्तुत विषयमा पूर्णता छैन र विषयवस्तुको क्षेत्र धेरै फराकिलो भएकोले सबै विषयको उठान एवं विश्लेषण सम्भव नभएकोले सकभर मोटामोटी खाकामात्र यस लेखमा समावेश गरिएको र यतिमात्र हैन है भन्ने कुरालाई मनन गरी विषयवस्तु बुझिदिनसमेत अनुरोध छ । उल्लेखित विषय कोरोनाको कारणले निम्तिएका लेखकका सीमितता पनि हुन् ।

## ४. नतिजा तथा विश्लेषण

### ४.१ वन क्षेत्र संरक्षण एवं व्यवस्थापनसम्बन्धी कानुनी व्यवस्था र कोरोना

नेपालको संविधान, वन ऐन, २०७६, वातावरण संरक्षण ऐन, २०७६, भू तथा जलाधार संरक्षण ऐन, २०३९, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र साइटिस ऐन, २०७३ लाई मुख्यरूपमा वन तथा वातावरणका कानुनी मार्गदर्शकका रूपमा लिन सकिन्छ । नेपालको संविधान तथा वन क्षेत्रका कानुनी व्यवस्थामा जनतालाई सर्वसुलभ तथा जनताकै घरदैलोमा सेवा पुऱ्याउने उद्देश्यका साथ अंगीकार गरिएको संघीय संरचनामा वनको सेवा झन साँघुरिएको देखिन्छ । यसको उदाहरणको लागि वन क्षेत्रका सांगठनिक संरचना खासगरी भू तथा जलाधार व्यवस्थापनका विषयमा पहिलेको तुलनामा धेरै न्यून हुनु र यसको जिम्मा स्थानीय तहमा अझै पनि आन्तरिकीकरण नहुनुले कोरोनाको कहरसँगै आउँदै गरेको वर्षात् को सम्भावित प्राकृतिक जोखिमलाई थप चुनौतीपूर्ण बनाएको छ । कोरोनाको अवधि भनेको नेपालको सन्दर्भमा सबै विकास कार्यक्रमको सञ्चालनको उत्कर्ष समय हो । कोरोनाको विस्तार रोक्ने उपाय अवलम्बन गर्नु र सहभागितामूलक जलाधार व्यवस्थापन गर्नु दुई विपरीत कार्य भएकोले संरक्षणका संरचना तथा अभ्यासमा धेरै न्यूनता आएको कुरा चालु आ.व.मा विनियोजित बजेट र बजेट 'सरेन्डर'को तथ्यांकले पुष्टि गर्छ । यसका अतिरिक्त हातमा गन्न सकिने संगठन संरचनाले देशका ७७ जिल्लामै सेवा पुऱ्याउनु र संकुचित जनशक्ति तथा स्रोतको कमीले गर्दा पक्कै पनि भू संरक्षणजस्तो जनताको जीविकोपार्जनसँग जोडिएको विषयले स्थान पाउन नसकेको अनुभूति हुन्छ ।

कोरोनाको अवधिमा संविधानको परिकल्पनाअनुसार केही हदसम्म वातावरणीय स्वच्छता त छाएको छ तर वन क्षेत्रको तथ्यांकका विषय ओझेलमा परेका छन्- जुन संविधानकै सूचनाको हकको प्रचलन गराउन तथा भावी नीति एवं योजना तयारीका आधार विषय हुन् । आठ महिनाअघि जारी गरिएको वन ऐन अझै कार्यान्वयनमा आएको अनुभूति भएको छैन- जसको उदाहरणको रूपमा दैनिकजसो न्याय सम्पादनका विषयमा डिभिजन वन कार्यालयबाट कानुनी निकासा पाउँ भनी थुप्रिएका पत्र वन तथा वातावरण मन्त्रालयको इमेल तथा फाइलमा थन्किएर बसेका छन् । कोरोनाको कहरमा हुने गरेका र भएका वन क्षेत्रसम्बद्ध गैर कानुनी क्रियाकलापको निरूपणमा एकातर्फ पीडित वा पीडकले समयमा न्याय नपाएर सामाजिक, आर्थिक तथा न्यायिक पीडा भोगिरहेका छन् भने लकडाउनमा कानुनी सीमाभन्दा बढी अवधि उपचारको खोजीमा आरोपितले धेरै सजाय भोगिरहेका छन् । अर्कोतर्फ सीमित स्रोत तथा कोरोनाको विस्तार कम गर्न अपनाइनुपर्ने सुरक्षाका उपायसमेतको कमी हुँदा थप जोखिम र काममा नैराश्यले कामको प्रभावकारितामा असर परेको देखिन्छ । त्यही पनि बन्दाबन्दीमा पनि अहोरात्र खटिरहने वन क्षेत्रका सम्म्पूर्ण संरक्षणकर्मीमा धन्यवाद नदिइरहन सकिएन ।

संघीयता लागू भएपश्चात् पहिलेका वनका संरचनामा व्यापक फेरबदल भएको छ । पहिले छुट्टै विभागसहित ६१ जिल्लामा स्थायी कार्यालयसहित साबिक ७५ जिल्लाभरि नै कार्यक्षेत्र बनाएको भू संरक्षण विभाग हाल संघीय पाँचसहित जम्मा १९ कार्यालयमा सीमित भएको छ । यसका अतिरिक्त हालै संघीय सरकारबाट जारी भएको वन ऐन, २०७६ ले न्याय सम्पादनसहितको जटिलता तथा सार्वजनिक सम्पत्तिको थप सुरक्षालाई ध्यानमा राखेर डिभिजनल वन अधिकृत संघीय सरकारमातहत रहने व्यवस्था गरेको आठ महिना बितिसके पनि यसको

कार्यान्वयन नभएकोले कोरोनाको कहरमा परेको वन क्षेत्रको संरक्षण एवं व्यवस्थापनमा चुनौती थपिएको छ। साथै भू तथा जलाधार संरक्षण ऐन, २०३९ अझै पनि कार्यान्वयनको पर्खाइ कुरेर बसिरहेको अवस्थामा देखिन्छ- जसले गर्दा तत्काल तथा दीर्घकालसम्म अत्यावश्यक स्थानीय, जिल्ला तथा प्रदेशस्तरका तथ्यांक तथा विवरण प्राप्त नभइरहेको अवस्था पक्कै हो। यसका अतिरिक्त वन तथा जलाधार क्षेत्रका स्थानीय स्तरका विविध तथ्यांक संकलन तथा अद्यावधिक गर्नको लागि लामो प्रक्रिया अपनाउँदा पूर्ण तथ्यांक नआउनु, ढिला हुनु, खर्चिलो हुनुले वन तथा वन्यजन्तु क्षेत्रका नीति तथा योजनाको विश्वसनीयतामा प्रश्नचिह्न खडा हुने अवस्था आइरहेको छ। यसको उदाहरणको रूपमा  बाढीपहिरो तथ्यांक समयमै अद्यावधिक नहुनु तथा वन व्यवस्थापनका विवरणको अभिलेखीकरण संघीय मन्त्रालय वा सम्बन्धित विभागमा नहुनुलाई लिन सकिन्छ।

## ४.२ कोरोनाको कहरमा वन क्षेत्रसँग सम्बन्धित विषयमा प्रकाशित समाचार तथा लेख

गत २०७६ चैत्र ११ गतेदेखि भएको कोरोनाको कारणले गरिएको लकडाउन चार महिनापश्चात केही खुकुलो गरिएको थियो भने हाल पनि धेरै कार्यमा बन्देज लगाइएको अवस्था छ। यस अवधिमा सबै सरकारी कर्मचारी तथा निजी क्षेत्रलाई बन्दाबन्दीले असर गऱ्यो र यसले वन संरक्षण तथा व्यवस्थापनमा थप चुनौती थपेको छ। यसको उदाहरणको रूपमा कैलाली जिल्लामा भएको वैज्ञानिक वन व्यवस्थापनको अनियमितता भएको भनी सञ्चारमाध्यमहरुमा आउनु पनि एक हो। यसबारे अहिले नै धेरै टिकाटिप्पणी गर्नुभन्दा पनि नेपाल सरकार, संघीय संसद्का समिति गठन भई छानबिनगरिरहेको अवस्था अहिले पनि यथावत् छ- जसको मुख्य कारणले गर्दा नेपाल सरकारले सालको काठको उत्पादन, विक्रीवितरण तथा ओसारपसारसमेत निषेध गरेको थियो- जुन आजसम्म पनि खुल्न सकेको छैन।

खासगरी वन तथा वन्यजन्तुको अवैध चोरी निकासी बढिरहेको, वन संरक्षण तथा व्यवस्थापनसँग सम्बन्धित विषयमा अनलाइन लेख आलेख बढी हेर्ने र अनलाइन सञ्चारमाध्यममै बहस चल्ने गरेका तथ्य भेटिन्छन्। यसका अतिरिक्त वन्यजन्तुको चहलपहल बढेको र नयाँ/नयाँ स्थानमा समेत ठूला स्तनधारीको वासस्थान तथा उपस्थिति देखिएकोले एकतर्फ संरक्षण तथा व्यवस्थापनको सफलता मान्न सकिन्छ भने अर्कोतर्फ संरक्षणमा थप चुनौती थपिएको र नयाँ स्थानमा पुरानै संरक्षण तथा व्यवस्थापन कसरी गर्ने भन्ने बहसको विषयसमेत बनेको छ। यस अवधिमा मानिस थप फुर्सदिला भएका कारणले वन्यजन्तु तथा वन पैदावार चोरी शिकारीका घटना बढेको अनुभूति विभिन्न सञ्चारमाध्यममा प्रकाशित लेख तथा आलेखले बताइरहेका छन्।

## ४.३ बन्दाबन्दीमा भए/गरिएका केही उल्लेख्य कार्य

हालको संघीय व्यवस्थापनको व्याख्याअनुसार गरिएको सांगठनिक व्यवस्थापनअनुसार वन तथा वातावरण मन्त्रालयले कोरोनाजस्तो विपद्को घडीमा समन्वय र सञ्चारको भूमिका महत्वपूर्ण ठानी वन क्षेत्र संरक्षणमा सहजीकरणको रणनीति अपनाएको देखिन्छ।

### स्वास्थ्य सुरक्षा सम्बन्धमा

यसको उदाहरणको रूपमा एउटा तलको सन्देश प्रस्तुत गरिएको छ।

*"लकडाउनको अवस्थामा वन तथा वन्यजन्तुको संरक्षणमा फिल्डमा खट्नुपर्ने साथीहरुलाई व्यक्तिगत सुरक्षाका लागि केही स्वास्थ्य सामग्रीहरु (पुनः प्रयोग गर्न मिल्ने पञ्जा, मास्क, ह्यान्ड स्यानिटाइजर, ह्यान्डवाश र ह्यान्डवाश रिफिल) वन तथा भूसंरक्षण विभागबाट पहिलो चरणमा तराइ र भित्री मधेसका ४० डिभिजनमा पुगिसकेको छ। दोस्रो चरणमा बाँकी ४४ डिभिजन वन कार्यालय, सातवटै प्रदेश मन्त्रालय, प्रदेश निर्देशनालय, सबै संरक्षित क्षेत्र कार्यालय र नेपाली सेना रहेको निकुञ्ज*

*वा आरक्षका गणमा सोही सामग्रीको सेट हिजो वैशाख ७ देखि पठाइएको छ । सबै जिल्लामा काठमाडौंबाट डेलिभरी गर्न समय लाग्ने देखिँदा प्रदेश मन्त्रालय वा निर्देशनालयमार्फत र कतिपयमा सोझै डेलिभरीको व्यवस्था गरिएको छ । यसको नेतृत्व र समन्वय गर्नुहुने वन तथा भूसंरक्षण विभागका महानिर्देशक र उहाँको टिम, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक र उहाँको टिमलाई धेरै धेरै धन्यवाद । साथै दोस्रो चरणको सामग्रीको व्यवस्था गर्न सहयोग गर्ने विश्व वन्यजन्तु कोष नेपाल, हरियो वन कार्यक्रमप्रति पनि आभारी छौं । खासगरी गस्तीमा प्रत्यक्ष खट्नुपर्ने वा फिल्ड अनुगमन गर्नुपर्ने भएकाले माथि लेखिएका निकायमा मात्र पठाइएको विषय पनि अनुरोध गर्दछु ।" डा. सिन्धुप्रसाद ढुंगाना*

माथिको यो अनुच्छेद वन तथा वातावरण मन्त्रालयका सहसचिव तथा प्रवक्ता डा. सिन्धुप्रसाद ढुंगानाको फेसबुक पेजबाट जस्ताको तस्तै साभार गरिएको हो । यसले कोरोनाजस्तो भइपरी विपत्तमा केन्द्र सरकारले वन क्षेत्रको संरक्षण तथा व्यवस्थापनमा अमुक बन्न सक्दैन भन्ने एउटा उदाहरण प्रस्तुत गरेको छ ।

## वन व्यवस्थापन तथा वृक्षरोपण सम्बन्धमा

लकडाउनकै कारणले केही डिभिजन वन कार्यालयले आफ्नो अधिकार क्षेत्रको वनमा प्रवेशसमेत निषेध गरेका छन्- जसको कारणले गर्दा वन वार्षिक तथा नियमित रूपमा हुने सबै प्रकारका वनको व्यवस्थापनलाई प्रत्यक्ष असर गरको छ । यसको कारणले गर्दा काठको उत्पादन, रोजगारी सृजना र राजस्व संकलनमा कमी आएको छ । तलको तालिकाले यस कुराको थप पुष्टि गर्दछ ।

| क्र.सं. | सूचकहरु | आ.व.२०७५।७६ | आ.व.२०७६।७७ | कैफियत |
|---|---|---|---|---|
| १ | काठको उत्पादन (क्यू. फि. लाखमा) | १९४ | १४३.२१ | कम भएको |
| २ | राजस्व संकलन (रु. लाखमा) | ३११०० | १७५०० | कम भएको |
| ३ | बिरुवा उत्पादन तथा वितरण (लाखमा) | २०५ | २३४.२२ | वृद्धि भएको |
| ४ | वृक्षरोपण (हे.) | ४१०० | २९०० | कम भएको |
| ५ | स्वच्छ वातावरण सूचक (पीएम २.५) | ५३ | ३९.६५ | सूधार भएको |

स्रोतः वन तथा वातावरण मन्त्रालय

माथिको तालिकाबाट थाहा हुन्छ-वातावरणीय तथा बिरुवा उत्पादनमा सकारात्मक सुधार भएको तर अन्य सूचकमा कोरोनाले गर्दा कमी भएको छ । सामाजिक दूरी कायम गरी छुट्टाछुट्टै रूपमा बिरुवा उत्पादनमा वृद्धि भएता पनि सामूहिक रूपमा गर्नुपर्ने वृक्षरोपणमा यसै वर्षको तुलनामा गत वर्ष बढी भएको देखिन्छ ।

## अनुगमन

वार्षिक विकास कार्यक्रम सञ्चालनको उत्कर्ष तथा अन्य नियमित कार्यक्रमको अनुगमनको बेला कोरोनाको कहर सुरु भएको छ । यसले गर्दा मन्त्रालय तथा केन्द्रीय निकायबाट हुनुपर्ने अनुगमनका कार्यमा प्रत्यक्ष असर पारेको देखिन्छ । यसका अतिरिक्त विभिन्न निकायमा वैज्ञानिक वन व्यवस्थापनमा परेको उजुरीको छानबिनसमेत समयमा सम्पन्न हुन कठिनाइ परेको देखिन्छ । साथै विकास आयोजनाहरु समयमा सम्पन्न हुन नसकेर म्याद थपका प्रक्रिया हरेक निकायमा थुप्रिएकाले नै होला- नेपाल सरकार मन्त्रिपरिषद्ले असार २९, २०७७ मा छ महिनासम्म थप आर्थिक दायित्व नपर्ने गरी विकास आयोजनाको म्याद थप गर्न सक्ने अधिकार अख्तियारवालालाई प्रदान गरेको छ- जुन वन क्षेत्रसँग समेत सम्बन्धित छ । यसलाई कोरोनाको कहरको विकासमा पारेको बाधाको उदाहरणको रूपमा लिन सकिन्छ ।

### वातावरण संरक्षण नियमावलीको स्वीकृति

यसका अतिरिक्त कतिपय विकासका आयोजना वातावरण क्षेत्रको नियमावलीको अभावले रोकिएको अवस्था हो । यसलाई थप कोरोनाको कहरले लम्ब्याइदिएको यथार्थ सबैले स्वीकार्नुपर्ने अवस्था छ । तथापि यस जोखिमको अवधिमा वन तथा वातावरण मन्त्रालयले सम्पादन गरेको संयोजनकारी भूमिकाबाट भर्खरै उक्त नियमावली नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भइसकेको र राजपत्रमा प्रकाशन हुने क्रममा रहेकोले यसले आगामी दिनमा विकास निर्माणमा सहजता प्रदान गर्ने अपेक्षा गर्न सकिन्छ । यसका अतिरिक्त यसै बन्दाबन्दीमा वन व्यवस्थापन सम्बन्धमा परेका गुनासाको विषयमा स्थलगत तथा स्थलगत छानबिन र वास्तविकताको सम्बन्धमा समेत कार्य गरेको छ ।

## ४.४ सरकारको नीति तथा कार्यक्रम एवं बजेट वक्तव्यमा वन क्षेत्र र कोरोनाको प्रभाव

कोरोना बन्दाबन्दीकै बीच आगामी आ.व. २०७७/७८ को नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्य प्रस्तुत भएका छन् । नेपालको वन क्षेत्रमा केही नीतिगत तथा कार्यक्रम उद्घोष भए पनि सारभूत रूपमा नवीनतम नीति तथा कार्यक्रम कोरोनाकै कहरका कारणले ओझेलमा परेका छन् । पेश गरिएको नीति तथा कार्यक्रममा पनि यथेष्ट बजेट स्वीकृत भएको छैन । यसको थप पुष्टि वन तथा वातावरण क्षेत्रमा विगत केही वर्षमा विनियोजित बजेटको तलको तुलनात्मक तालिकाले समेत स्पष्टक्ति पार्छ ।

**तालिका १ः वन तथा वातावरण क्षेत्रमा विगत केही वर्षमा भएको बजेट विनियोजन**

| क्र. सं. | आ.व. | विनियोजित बजेट |
|---|---|---|
| १ | २०६९–०७० | ४ अर्ब ८५ करोड १० लाख |
| २ | ०७० /०७१ | ८ अर्ब ६३ करोड ४९ लाख |
| ३ | ०७१ /०७२ | ९ अर्ब ७८ करोड १७ लाख |
| ४ | ०७२ /०७३ | १२ अर्ब २७ करोड |
| ५ | ०७३ /०७४ | १३ अर्ब ७७ करोड |
| ६ | ०७४ /०७५ | १५ अर्ब ३४ करोड |
| ७ | ०७५ /०७६ | १६अर्ब ५८ करोड |
| ८ | ०७६ /०७७ | १५अर्ब ४९ करोड |
| ९ | ०७७ /०७८ | १४ अर्ब ५६ करोड |

माथि उल्लेखित भएको आगामी आ.व.को बजेटमा वन तथा वातावरण मन्त्रालयबाट वन तथा वातावरणको क्षेत्रमा प्रदेश तथा स्थानीय तहमा जाने सशर्त अनुदानको बजेट समेत समावेश भएको छ । सो घटाउँदा वास्तविक बजेटको मात्रामा अझ कमी आउँछ ।

नेपालको पन्ध्रौं आवधिक योजना तथा चालु एवं आगामी आ.व.को मध्यकालीन खर्च संरचनाले वन क्षेत्रलाई आर्थिक क्षेत्रको रूपमा स्वीकारिसकेको अवस्था र नेपालको वन क्षेत्रले आर्थिक उपार्जनको मोटामोटी दुई प्रतिशतमात्र राष्ट्रिय आन्तरिक उत्पादनमा योगदान पुऱ्याएको पछिल्लो तथ्यांक छ । देशको ४५ प्रतिशतभन्दा बढी रहेको वन क्षेत्रको संरक्षण उत्पादनलाई निरन्तरता दिन, दिगो व्यवस्थापन गर्न र वनमा आधारित आर्थिक उपार्जनका माध्यमबाट देशले सोचेको समृद्धिको लक्ष्य पछ्याउन त्यतिकै मात्रामा सुरुमा लगानी आवश्यक पर्दछ । नीति तथा योजनाहरुले उल्लेख गरेता पनि

कहिल्यै पनि देशको बजेटको एक प्रतिशतभन्दा बढी लगानी नगरिएको वन क्षेत्रबाट उत्पादन र समृद्धिको सपना पूरा होला र ? अझ वन तथा वातावरण क्षेत्र भनेको पैदावार उत्पादन र सदुपयोगमात्र नभएर सम्पूर्ण सृष्टिको पर्यावरण तथा पारिस्थितिकीय प्रणालीसँग प्रत्यक्ष सरोकारको विषय भएकोले पनि वन तथा वातावरण क्षेत्रलाई आर्थिक तथ्यांकीय हिसाबले भन्दा पनि मानव तथा सम्पूर्ण जीव र जीवनको अस्तित्वसँग हेरी लगानी बढाउनुपर्छ। कोरोनाको कहरले पनि प्रकृतिसँगको सामीप्यमा बाँच र बचाउको सन्देश दिएको कुरा सबैले अनुभूत गरेको सत्य हो ।

यसका अतिरिक्त हालसम्मको वैज्ञानिक अध्ययनले पनि यो विश्व महामारीका कारण ९० प्रतिशतभन्दा बढी सत्यको नजिक वन क्षेत्रको (वन्यजन्तुसमेत) अत्यधिक दोहनले गर्दा भएको पुष्टि भएको हामीले विश्वास गर्नै पर्छ । यसको महामारीमा जलवायु परिवर्तनको मारको असरले सम्पूर्ण जीव र जीवन मानवसहितको संकट थप चुलिएको छ। सुध्रिएको वातावरण र मानवीय क्रियाकलापको कमीले वन्यजन्तुको चहलपहलले वन्यजन्तुको बसाइ र दैनिक क्रियाकलापको सहजताको अनुमान त गर्न सकिन्छ तर विस्तारित वासस्थानको कारण कोरोना-पछिको अवस्थामा थप मानव वन्यजन्तु द्वन्द्व ननिम्तेला र संरक्षणमा चुनौती नथपिएला भन्न सकिन्न। शान्त वातावरण भएकै कारणले गर्दा वन्यजन्तुको उत्पादन वृद्धि भएका समाचार यसका उदाहरण हुन्। एकातर्फ यसले धेरै सकारात्मक वातावरण तय गरेको त छ नै तर तत्पश्चात वन्यजन्तु तथा मानवीय सम्बन्ध यथावत् राख्नु पनि संरक्षणमा कोरोनाले ल्याउन सक्ने अर्को चुनौतीको रूपमा अनुमान गर्न सकिन्छ ।

कोरोनाकै कारणले वन तथा वातावरण क्षेत्रबाट अपेक्षा गरिएको राजस्व समेत संकलन हुन सकेको छैन । माथिका तालिकामा प्रस्तुत गरिएअनुसार आ.व. २०७५।७६ मा रु. तीन अर्ब ११ करोड जम्मा भएको राजस्व गत आ.व. २०७६।७७ मा कोरोनाको कहरले जम्मा रु. एब अर्ब ७५ करोडमात्र संकलन भएको प्रारम्भिक तथ्यांकले बताउँछ। प्रायः सबै वन व्यवस्थापनका कार्य ठप्प छन् भने चिडियाखाना, वनस्पति उद्यान र संरक्षित क्षेत्रमा आगन्तुक तथा बाह्य पर्यटकको शून्यताको कारण आन्तरिक तथा नेपाल आउने बाह्य पर्यटकको ६० प्रतिशत बढीले अवलोकन गर्ने क्षेत्रबाट आर्थिक गतिविधि पूर्ण बन्द छन्। यसले गर्दा पर्यटनमा निर्भर भएका संरक्षित क्षेत्र तथा त्यहाँका वासिन्दा, बोटानिकल गार्डन र चिडियाखानालाई आगामी वर्षमा नेपाल सरकारको स्रोतमा थप चाप पुग्ने देखिन्छ। यसको उदाहरण सदर चिडियाखानाले चिडियाखाना सञ्चालनमा कठिनाइ भएको र नेपाल सरकारमा आर्थिक दायित्वको शेयर गरिदिनुपर्ने अनुरोधले समेत गरेकोले कोरोनाले संरक्षणमा थपेको चुनौती पुष्टि गर्दछ। यसले देशको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रहेको प्रकृतिमा आधारित पर्यटन व्यवसाय चौपट भएर लगानीकर्ता, कार्यकर्ता एवं सिंगो राष्ट्रलाई ठूलो नोक्सानी भइरहेको छ। कोरोनाको कहरकै मध्यमा परेको विश्व वातावरण दिवस २०७७ नेपालमा सुरक्षित जीवनका लागि जैविक विविधता भन्ने मुख्य आसयका साथ विविध कार्यक्रम गरी मनाइए पनि विगतका वर्षमा झैं विशेष कार्यक्रम भने हुन सकेनन्। भेला, सभा, सम्मेलन गर्नसमेत प्रतिबन्ध रहेको बेला सीमित यातायातका साधन र अन्य स्रोतको अभावले यो दिवसस पनि यस वर्ष छायामा परेको देखिन्छ- जसले गर्दा दिवसको नाममा देशभर हुने लाखौंको संख्याको वृक्षरोपण तथा जनजागरणमा कमी आएको छ। माथिको तालिकाले समेत कोरोनाको समयमा कम वृक्षरोपण भएको कुरा उजागर गर्दछ।

## ५. भावी कार्यदिशा

मानिस प्रकृतिको नियममा बाँच्नु र प्रकृतिलाइ बचाउनुपर्छ भन्ने कुराको बोध गराएको छ यो कोरोनाले। प्रचलित कानुनलाई कार्यान्वयनमा ल्याई यथाशक्य नवीकरणीय वन स्रोतको दिगो व्यवस्थापन गर्न सकेमा मात्र विदेशबाट समेत फर्केको ठूलो जनशक्तिलाई

स्वदेशमै रोजगारयुक्त बनाउन सकिन्छ। प्रचारमा आएजस्तै सुशासनमा प्रश्न होलान् तर सुधार गर्दै प्रकृतिको उपहार तथा नवीकरणीय स्रोतको स्थानविशेष र प्रजातिविशेष व्यवस्थापनमा नै सबैको भलो हुने देखिन्छ। भावनामा भन्दा यथार्थमा बाँचौ र बचाऔं भन्ने भाव पनि कोरोनाले दिएको सन्देशजस्तो लाग्छ हामी नेपालीलाई। प्रकृतिमा आधारित पर्यापर्यटनलाई पुनर्ताजगी गर्न नेपाल सुरक्षित छ भन्ने सन्देश सबै विश्वमा फैलाउनु सबै नेपालीको कर्तव्य हो। यसका लागि वन तथा वातावरण मन्त्रालयले विश्व बैंक संगको सहकार्यमा आयोजना कार्यान्वयनमा ल्याउँदै छ।

बाँचे सबै थोक गर्न सकिन्छ भन्ने कुरा यो कोरोनाको कहरले सिकाएको छ। अबका दिनमा प्रकृतिसँगको सम्मान र साथमा मात्र मानवीय क्रियाकलाप सम्भव छन्। यसको लागि वन क्षेत्रलयायतका सम्पूर्ण क्षेत्रले नीतिगत, योजनागत, संस्थागत, व्यवहारगत, कार्यक्रमगत र क्रियाकलापमा कोरोनाले सिकाएका पाठको समीक्षा गर्दै भावी योजना तथा व्यवहारमा परिवर्तन तय गर्नुपर्छ। आगामी दिनमा स्वच्छ वातावरण कायम गरी वातावरण नै रोगको निदान हो भन्ने कुराको पुष्टि गर्न प्रकृतिलाई बुझ्नु जरुरी छ। भनिन्छ नि जहाँ गाठो वा समस्या छ- समाधान पनि पक्कै त्यही हुन्छ। यस समयमा हामीले बुझ्नुपर्ने सिकाइ के हुन सक्छ भने हामी पनि प्रकृतिका देन हौं र प्रकृतिको नियम सबैभन्दा बढी हामीले मान्नुपर्छ। यसकै लागि त होला- जुन चीज प्रकृतिमा धैरै छन्- तिनको खपत हामीले हरेक सेकेण्डमा गरिरहेका हुन्छौ। जस्तैः हावा, पानी, माटो, वनस्पति आदि पृथ्वीमा क्रमशः धेरै भएका प्राकृतिक उपहार हुन्- जसको उपयोग सोहीअनुसारको क्रममा मानवलगायतका जीवले गरिरहेका छौं। यी चीजको ताजापन नै मानवीय यता हो भन्ने कुरा सबैले ख्याल गर्नुपर्छ।

## ७. निष्कर्ष

वन तथा वन्यजन्तु देशका सार्वजनिक सम्पत्ति र विश्वकै साझा संरक्षणका केन्द्रविन्दु हुन् भन्ने कुरामा कोरोना पुर्व, कोरोनाको समयमा र पछिसम्म पनि दुईमत नहोला। जैविक विविधताको खानी वन क्षेत्र भएकोले यसकै सदुपयोगबाट जीव र जीवनमा कोरोनाको समयमा समेत थप टेवा पुगेको विषय, आयुर्वेद औषधि तथा रोग निरोधात्मक तथा शक्तिवर्धक वनस्पतिको उपयोगले कोरोना लगायतका रोगको प्रकोप कम हुने कुरा वैज्ञानिकले समेत प्रमाणित गरेका छन्। यसले वन, जैविक विविधता तथा वातावरण संरक्षणको महत्वलाई थप उचाइमा पुऱ्याएको छ। समस्याबाटै समाधान सृजना हुन्छ भन्ने उक्तिलाई आत्मसात् गर्दै मानवीय क्रियाकलापलाई आगामी दिनमा सुधारको पाठ कोरोनाले सिकाएको छ। नेपालको संविधानको धारा ४८ मा उल्लेख भएजस्तै सार्वजनिक सम्पत्तिको रक्षा एवं सम्बर्धन गर्नु हामी सबैको कर्तव्य भएकोले एक असल मानवको नाताले संवैधानिक अधिकारसहित संवैधानिक कर्तव्य तथा प्राकृतिक नियमलाई पनि बिर्सनु हुन्न। यसले दिगो विकास लक्ष्य तथा नेपालको दीर्घकालीन सोचको लक्ष्य प्राप्तसहित सुखी नेपाली, समृद्ध नेपालको सपनालाई बिपनामा उजागर गर्न प्रकृति र प्राकृतिक नियमलाई केन्द्रमा राखेर सामाजिक, आर्थिक, वातावरणीय तथा सुशासन प्रवर्धन गर्न सकेमा मात्र कोरोना र यसपछि हुन सक्ने यस्तै महामारीबाट जीव, जीवन र जगत्लाई बचाइ शान्त र बस्न योग्य एकमात्र पृथ्वीमा मानव अस्तित्व रहिरहन सक्छ अन्यथा मानवको अस्तित्वसहित सम्पूर्ण जीवित वस्तुको वासस्थान यस धर्तीमा नरहन पनि सक्ने कुराको हेक्का सर्वश्रेष्ठ प्राणीले सोच्ने र सो दिशामा नीतिनिर्देश गर्नुपर्ने कुरामा अब ढिलाइ गर्नुहुन्न भन्ने कुरा कोरोनाले सिकाएको पाठ हुन सक्छ। यसैमा सबैको भलाइ हुनेछ।

## ८. सन्दर्भ सामग्रीहरु


नेपालको संविधान तथा वन क्षेत्रका कानुनी व्यवस्था

वन तथा वातावरण मन्त्रालयले कोरोनाको अवधिमा अपनाएका वन क्षेत्र संरक्षणका रणनीति

आगामी आ.व. २०७७।७८ को नेपाल सरकारको नीति तथा कार्यक्रम, बजेट वक्तव्य

नेपालको पन्ध्रौं आवधिक योजना तथा चालु एवं आगामी आ.व.को मध्यकालीन खर्च संरचना

अन्य सान्दर्भिक विषय: विभिन्न सञ्चारमाध्यमका आलेखहरु